# व्यवसायिक पशुपन्छी विकास कोष सञ्चालन सम्बन्धी नियमावली २०७६

गाउँ कार्यपालिका बैठकबाट पारित मिति २०७६/०१/२७

प्रमाणित मितिः २०७६/०१/२९

**प्रस्तावना :-**

लिसंखु पाखर गाउँपालिकाका अधिकांश भुगोल विकट रहेको, स्थानिय समुदायको आर्थिक अवस्था कमजोर रहेको, युवा तथा श्रम गर्न सक्ने जनशक्ति अन्यत्र पलायन भईरहेको अवस्थामा कृषि तथा पशुपालन व्यवसाय कमजोर हुदै जग्गा जमिन बाँझो भई गाउँ घर रितिदै गएकोले लिसंखु पाखर गाउँपालिका क्षेत्रमा रोजगारीको अवसर सृजना गर्दै पूँजी र प्रविधिको अभावमा व्यवसाय गर्न नसकेका युवा, विपन्न, दलित, महिला तथा बैदेशिक रोजगारबाट फर्केका सुदायको उद्यमशिलताको विकास गर्दै रोजगारीको अवसर सृजना गर्ने र आर्थिक समुन्नती हासिल गर्न पशुपालन तथा पन्छी पालन व्यवसायलाई व्यवसायिक गर्ने तथा लिसंखु पाखर गाउँपालिका क्षेत्रलाई दुग्ध एवं मासु जन्य पदार्थमा आत्मनिर्भर बनाई दुग्ध तथा मासुको निर्यात गर्ने स्थलको रुपमा विकास गर्ने उदेश्यले **लिसंखु पाखर गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट यो **व्यवसायिक पशुपन्छी विकास कोष सञ्चालन सम्बन्धी नियमावली २०७६ बनाई लागु गरेको छ।**

## परिच्छेद - १
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस नियमावलीको नाम "व्यवसायिक पशुपन्छी विकास कोष संचालन सम्वन्धी नियमावली २०७६" रहेको छ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

**(क) "गाउँपालिका"** भन्नाले यस लिसंखु पाखर गाउँपालिका सम्झनु पर्दछ।

**(ख) "पशुपन्छी व्यवसायी"** भन्नाले यस नियमावली बमोजिम ऋण, कर्जा लिई नियमावलीको पशुपंक्षी व्यवसाय सञ्चालन गर्ने ब्यक्ति, समुह, फर्म, कम्पनीलाई सम्झनु पर्दछ।

**(ग) "पशुपन्छी व्यवसाय"** भन्नाले यस नियमावली बमोजिम श्रम तथा पूजी लगानी गरी गरिएको व्यवसाय सम्झनु पर्दछ।

**(घ) "पशुपन्छी ऋण कर्जा"** भन्नाले यस नियमावलीमा उल्लेखित गरिएको क्षेत्रहरुमा गाउँपालिकाले प्रवाह गरेको ऋण कर्जा सम्झनु पर्दछ।

**(ङ) "कृषि भण्डारण"** भन्नाले कृषि उपज (दुग्ध पदार्थ माछा मासु) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्दछ। सो शब्दले स्वदेशमा उत्पादन भएका कृषि उपज दुग्ध पदार्थ, माछा, मासु जन्य खरीद गरी भण्डारण गर्ने कार्य समेत जनाउँदछ।

**(च) "वित्तिय संस्था"** भन्नाले गाउँपालिका संग सम्झौता कार्य गर्न छनौट भएका सहकारी संस्थालाई जनाउने छ।

(छ) **"प्रस्तावक"** भन्नाले यस नियमावली बमोजिम कर्जा लिनका लागि प्रस्ताव पेश गर्ने व्यक्तिलाई जनाउने छ ।

३. **उदेश्य :- यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेका छन् ।**

(१) लिसंखु पाखर बासीको आर्थिक अवस्थामा सुधार ल्याउने ।

(२) पूंजि र ज्ञान सीपको अभावमा रहेका विपन्न, दलित, महिला लगायतका वर्गलाई ज्ञान सीप प्रदान गरी व्यवसायिक बनाउने ।

(३) बेरोजगार एवं वैदेशिक रोजगारबाट फर्किएका युवालाई आफ्नै गाउँघरमा अवसर सृजना गराई रोजगारी सृजना गर्दै उद्यमशिलताको विकास गर्ने ।

(४) व्यवसायिक सोच र आँट भएका तर पूंजीको अभाव भएका व्यक्तिहरुलाई कर्जा स्वरुप पूंजी उपलब्ध गराउने ।

(५) लिसंखु पाखर क्षेत्रलाई मासु एवं दुग्ध जन्य पदार्थको निर्यात गर्ने स्थलको रुपमा विकास गराउने ।

४. **कार्यक्षेत्र :-** यो नियमावली लागुहुने कार्यक्षेत्र लिसंखु पाखर गाउँपालिका क्षेत्र भित्र स्थायी ठेगाना भई यही क्षेत्रमा यस निर्देशिका बमोजिमका कार्य गर्ने व्यक्ति/समुह/फर्म वा कम्पनी यस निर्देशिकाको कार्यक्षेत्र भित्र पर्नेछन् ।

# परिच्छेद - २
# पशु विकास कोष

**५. पशुपन्छी विकास कोषको स्थापना :-**

(१) लिसंखु पाखर गाउँपालिकाले यस गाउँपालिका क्षेत्र भित्र रहेका समुदायको रोजगारी श्रृजना एवं आर्थिक उपार्जनका लागि व्यवसायिक पशु पन्छीपालन कोष स्थापना गर्नेछ ।

(२) उपनियम (१) बमोजिमका कोषमा देहाए बमोजिमले रकम प्राप्त हुनेछन् ।

क) गाउँ सभा वा गाउँ कार्यपालिकाबाट बजेट/निर्णय गरी विनियोजन गरिएको रकम ।

ख) संघिय एवं प्रदेश सरकारबाट प्राप्त रकम ।

ग) गैर सरकारी संघ संस्था एवं विकास साझेदार संस्थाबाट प्राप्त रकम ।

घ) अन्य व्यक्ति एवं संस्थाबाट प्राप्त रकम ।

ङ) ब्याजबाट थप भएको रकम ।

६. **कोषको व्यवस्थापन :-** यस नियमावली बमोजिम कोषका लागि प्राप्त रकमलाई २ वटा प्रकृतिमा विभाजन गरी कार्य गरिने छ ।

क) पूंजीगत कार्य (ऋण लगानी) यस कोषमा नियम ५ बमोजिम यस कोषमा प्राप्त रकमको प्राप्त हुँदाका समयमै कूल प्राप्तीको १०% कट्टी गरी बाँकी ९०% रकम पूंजिगत कार्य (ऋण लगानी) मा प्रयोग गरिने छ ।

पुनश्च :- लगानीबाट उठेको रकम र व्याजमा कट्टी हुने छैन ।

**ख) संचालन व्यवस्थापन सम्बन्धी कार्य :-** नियम ५ बमोजिम यस कोषमा प्राप्त रकम मध्ये १०% रकम संचालन व्यवस्थापनमा खर्च गर्न कट्टी गरिने छ । उक्त रकम देहाय बमोजिमका कार्यमा खर्च गरिने छ ।

- वित्तिय संस्थालाई सेवा प्रदान गरे बापत दिनु पर्ने व्याज रकम ।
- यस नियमावली बमोजिम कार्यक्रम संचालन गर्न आवश्यक प्रशासनीक खर्च ।
- यस नियमावली बमोजिम संचालन गर्ने तालिम, गोष्ठी, अभिमुखिकरण कार्यक्रम खर्च ।

**७. कोषको प्रकृति** :- पशुपन्छी विकास कोष स्थायी प्रकृतिको हुनेछ । उक्त कोषमा बाँकि रहेको रकम फिर्ता (फ्रिज) हुने छैन ।

**८. कोषको प्रयोग** :- लिसंखु पाखर गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्दै यहाँ पशु पन्छीपालनको कार्यलाई व्यवसायिक रुपमा कार्य गर्ने कृषक/व्यवसायिलाई त्यस्तो व्यवसायको विकास एवं प्रवर्द्धनमा यो कोषको प्रयोग गरिनेछ । पशुपन्छी विकास कोषको प्रयोग देहायका कार्यका लागि गरिने छ ।

क) पशुपालन सम्बन्धी व्यवसायीक कार्य ।

ख) पन्छी पालन सम्बन्धी व्यवसायीक कार्य ।

ग) माछा पालन सम्बन्धी व्यवसायीक कार्य ।

घ) मासु जन्य व्यवसाय (कोल्ड स्टोर) एवं चल्ला दाना ढुटो जन्य पसल व्यवसाय संचालन ।

ङ) दुग्ध उत्पादन तथा प्रशोधन र विकी वितरण संग सम्बन्धित व्यवसाय, डेरी, चिज फ्याक्ट्री आदी सम्बन्धी कार्य ।

**९. कोष खाता सञ्चालन** :- पशु पंक्षि विकास कोषको नाममा एक बैंक खाता हुनेछ र उक्त खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकिएको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकिएको आर्थिक प्रशासन शाखाको अधिकृत स्तरको कर्मचारीको संयुक्त दस्ताखतबाट सञ्चालन गरिनेछ ।

**१०. पशुपन्छी विकास निर्देशन समिति :-** यस क्षेत्र भित्र व्यवसायिक पशु पंक्षिपालन एवं प्रवर्द्धन गर्न आवश्यक नीति तयार गर्न एवं कार्यक्रम स्वीकृत गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) आर्थिक विकास समिति संयोजक | सदस्य |
| ङ) वडाध्यक्ष एवं कार्यपालिका सदस्य मध्येबाट ३ जना | सदस्य |
| च) व्यवसायिक कृषक मध्येबाट २ जना | सदस्य |
| छ) विषयगत शाखा प्रमुख | सदस्य सचिव |

- निर्देशक समितिको बैठक कम्तीमा ६ महिनामा एक पटक बस्नेछ ।

- निर्देशक समितिले चालु कार्यक्रमको प्रगतिको समिक्षा गर्ने र आवश्यक नीति निर्माण एवं निर्देशन गर्ने छ ।

**११. कार्यक्रम संचालन एवं अनुगमन समिति :-** (१) यस नियमावली बमोजिम कोषको प्रयोग, योजना एवं प्रस्तावना छनौट एवं स्वीकृती,अनुगमन, मुल्यांकन एवं कोष नियमित परिचालनको सुनिश्चिता गर्न ऋण लगानी एवं असुलीको प्रभावकारीता कायम राख्न लगायत समग्र कार्यक्रम संचालन एवं अनुगमनको व्यवस्थापन गर्न देहाय बमोजिम संचालन एवं अनुगमन समिति गठन गरिने छ ।

| | |
|---|---|
| १) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३) वडाध्यक्ष मध्येबाट २ जना | सदस्य |
| ४) विषयगत शाखा प्रमुख | सदस्य |

संचालन अनुगमन समितिको बैठकमा कार्यक्रम संचालन हुने वडाको वडाध्यक्ष आमन्त्रित सदस्यको रुपमा रहने छ ।

(२) कार्यक्रम संचालन एवं अनुगमन समितिको काम, कर्तव्य र अधिकार

क) परियोजना एवं कार्यक्रम क्षेत्र पहिचान गर्ने ।

ख) कार्यक्रमको लागि लगानी अवधी एवं व्याजदर परिवर्तन गर्न आवश्यक भए सिफारिस गर्ने ।

ग) कार्यक्रम/प्रस्ताब स्वीकृत गर्ने ।

घ) जमानतको भरपर्दो विधि निर्धारण गर्ने ।

ङ) असूलीको व्यवस्थापन गरि असूल उपर गर्ने गराउने ।

च) समयमै सावा व्याज भुक्तानी नगर्नेलाई कारबाहीको सिफारिस गर्ने ।

## परिच्छेद - ३
## कर्जा माग, लगानी र असुली

**१२. कर्जाको लागि निवेदन दिनु पर्ने : -**

(१) पशुपन्छी विकास कोषको रकम उपयोग गर्न कर्जा माग गर्ने व्यक्ति/फार्म वा कम्पनीले देहायको कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा माग निवेदन पेश गर्नुपर्ने छ ।

क) माग निवेदन पत्र

ख) संचालन गर्न लागेको व्यवसायको प्रस्तावना पत्र (पूर्जी र व्यवसायको सम्पूर्ण व्यहोरा खुल्ने गरी तयार भएको प्रस्तावना (नेपाली भाषामा लेखिएको हुनुपर्ने) ।

ग) वडा कार्यालयको सिफारिस

घ) धितो आवश्यक पर्नेमा धितो दिने जग्गाको विवरण (जग्गा धनी प्रमाण पूर्जाको फोटोकपि तिरो तिरेको रसिदको फोटोकपि र नापी नक्सा) तथा व्यक्तिगत जमानी आवश्यक पर्नेमा

रित पूर्वकको व्यक्तिगत जमानी पत्र (व्यक्तिगत जमानी दिने व्यक्ति एक परिवारको एकजना मात्र हुने)

ङ) नागारिकताको फोटोकपी - १

च) वित्तिय संस्था (सहकारी) को सदस्यता पत्रको प्रतिलिपी

(२) कर्जा माग निवेदन प्राप्त भए पश्चात आर्थिक विकास शाखाले निवेदन उपर आवश्यक राय सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

(३) प्रारम्भिक रुपमा उपयूक्त ठहरिएको प्रस्तावनालाई आवश्यक कागजात एवं राय सहित प्रमुख प्रशासकिय अधिकृतबाट पशु विकास प्रबर्धन एवं अनुगमन समितिको बैठकमा पेश गरिनेछ ।

(४) अनुगमन समितिले स्वीकृत गरेमा उक्त प्रस्तावना उपर कर्जा लगानी गर्ने सम्बन्धीत सहकारी/वित्तिय संस्थालाई सक्कल फाईल सहित पत्राचार गरिनेछ ।

(५) गाउँपालिका बाट फाईल सहित पत्र प्राप्त भए पश्चात नियमानुसार प्रकृया पुरा गरी जमानत/सुरक्षण लिई वित्तिय संस्थाबाट ऋण लगानी हुनेछ ।

**१३. कर्जा /ऋण लगानी :-** (१) यस नियमावली बमोजिम प्रदान गरिने कर्जा लगानी गर्ने कार्य वित्तिय संस्था सहकारीबाट गरिने छ ।

**१४. जमानत सम्बन्धी व्यवस्था :-** व्यवसायिक पशुपन्छी विकास कोष सञ्चालन सम्बन्धी नियमावली २०७६ बाट वित्तिय संस्था मार्फत कर्जा प्राप्त गर्ने व्यक्तिले तपसिल बमोजिमको जमानत गाउँपालिका मार्फत वित्तिय संस्थामा पेश गर्नुपर्नेछ ।

(१) कोषबाट २ लाख रुपैयाँ कर्जा लिने व्यक्ति/फर्म वा कम्पनीले स्थानिय माथवर व्यक्तिहरु ५ जनाको व्यक्तिगत जमानी पेश गर्नुपर्नेछ । समूहगत ऋण माग गरेमा समूह भन्दा बाहिराका व्यक्तिको जमानत दिनु पर्नेछ ।

(२) २ लाख भन्दा वढी रकम माग गर्ने प्रस्तावकले २ जनाको व्यक्तिगत जमानीको अलवा धितो जमानी पेश गर्नुपर्नेछ ।

(३) व्यक्तिगत जमानी पेश गर्दा १ घर १ व्यक्तिको मात्र जमानी पेश गर्नुपर्नेछ ।

(४) कर्जा प्राप्त गर्ने र जमानत प्रदान गर्ने व्यक्ति सम्बन्धीत वित्तिय संख्याको सदस्य हुनु पर्नेछ ।

(५) जमानत प्रदान गर्ने व्यक्ति कुनै कानुनबाट अयोग्य ठहरिएको हुनु हुदैन ।

**१५. जमानी दिने व्यक्तिको योग्यता :-**

(१) स्थानिय स्थायी बासिन्दा हुनपर्ने ।

(२) २१ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनपर्ने ।

(३) ऋण प्राप्त गर्ने सहकारी/वित्तिय संस्थाको सदस्य हुनपर्ने ।

(४) कुनै बैक वा वित्तिय संस्थाबाट हुने कारोवारमा खराव कारोवारी हुनु नहुने ।

(५) ऋणीले ऋण रकम नतिरेमा उक्त रकम तिर्न मन्जुर गर्ने व्यक्ति हुनु पर्ने ।

**१६. कर्जाको किसिम :-** गाउँपालिकाको सिफारिसमा वित्तिय संस्था प्रदान गर्ने कर्जाको किसिम तपसिल बमोजिम हुनेछ ।

(क) पशुपालन कर्जा :- गाई, भैसी, बाख्रा लगायत चार खुट्टे पशुपालक कृषकलाई यो कर्जा प्रदान गरिनेछ ।

(ख) पन्छीपालन कर्जा :- कुखुरा, हाँस, परेवा, टर्की लौकाट लगायत दुई खुट्टे पन्छीहरुको व्यवसायिक रुपमा पालन गर्ने प्रस्ताव पेश गर्ने कृषकलाई पन्छीपालन कर्जा प्रदान गरिने छ ।

(ग) माछा जन्य व्यवसायकर्जा :- विभिन्न माछाको व्यावसायिक रुपमा पालन गर्न प्रस्ताव पेश गर्ने कृषकलाई माछा पालन कर्जा प्रदान गरिने छ ।

(घ) व्यावसायिक कर्जा :- पशु पंक्षि एवं माछा पालन सम्बन्धी व्यावसायिक कार्य गर्न आवश्यक पर्ने दाना, ढुटो, औषधी, माछा मासु प्रशोधन तथा विकी पसल (कोल्ड स्टोर), दुग्ध संकलन डेरी तथा दुग्ध जन्य पदार्थबाट संचालन हुने फ्याक्टी चिज जस्ता व्यवसाय संचालन गरी पशु तथा पन्छीपालन सम्बन्धी व्यवसायिक कार्यलाई प्रवर्धन हुने किसिमका र वजारीकरणमा मद्दत पुग्ने किसिमका कार्य गर्न प्रस्ताव गर्ने व्यवसायीलाई व्यवसायिक कर्जा प्रदान गर्न सकिनेछ ।

**१७. छनौटका आधारहरु :-**

(१) पशुपन्छी विकास कोषबाट कर्जा प्रदान गर्दा आवेदन दिने कृषकका छनौटका आधार देहाय बमोजिम हुनेछन् ।

(क) गाई, भैसी, बाखा पालन गर्ने आवश्यक खोरको व्यवस्थापन आफैले गरेको वा गर्ने प्रस्ताव गरेको हुनु पर्नेछ ।

(ख) हाल पशुपन्छी पालन कार्यमा संलग्न भएको भए साविकको व्यवसायमा वृद्धी गर्ने भएको प्रस्तावकलाई मात्र कर्जा प्रदान गरिने छ ।

(ग) उक्त व्यवसाय गर्न आवश्यक जनशक्ति तथा घाँस एवं चरनको लागि उपयुक्त किसिमको प्रस्ताव वा विवरण पेश गरेको हुनु पर्नेछ ।

(घ) प्रस्तावनामा व्यवसायको न्यूनतम आकार देहाय बमोजिम हुनु पर्नेछ ।

१) गाई पालनका लागि कम्तीमा ३ वटा दुहुना गाई पालन गर्ने प्रस्ताब पेश गर्नुपर्नेछ ।

२) भैसी पालनको लागि कम्तीमा २ ओटा दुहुना भैसी पालन गर्ने प्रस्तावना हुनुपर्नेछ ।

३) पाडापाडी पालनको लागि कम्तीमा ५ वटा पाडापाडी पालन गर्ने प्रस्तावना हुनुपर्नेछ ।

४) बाखा पालनको लागि कम्तीमा १० वटा माउ बाखा पालन गर्ने प्रस्तावना हुनुपर्नेछ ।

५) बंगुरपालनको लागि कम्तिमा ५ वटा माउ वा १५ वटा पाठापाठी पालन गर्ने प्रस्तावना हुनुपर्नेछ ।

६) कुखुरा पालनको हकमा

क) बोइलरको लागि कम्तीमा ५०० वटाको प्रस्तावना पेश गर्नु पर्नेछ ।

ख) गिरिराज वा क्रस जातीको(अण्डा मासु दुबै) लागि कम्तीमा ३०० वटाको प्रस्तावना पेश गर्नु पर्नेछ ।

ग) लेयर्सको लागि कम्तीमा ३०० वटाको प्रस्तावना पेश गर्नु पर्नेछ ।

घ) लोकल कुखराको लागि कम्तीमा १०० वटाको प्रस्तावना पेश गर्नु पर्नेछ ।

ङ) माछा पालनको लागि कम्तीमा २००० भुरा पालनको प्रस्तावना पेश गर्नु पर्नेछ ।

**१८.पशुपन्छी विमा :-**

पशुपन्छी विकास कोषबाट ऋण/कर्जा लिई ब्यवसाय सञ्चालन गरेको ब्यवसायहरुको अनिवार्य विमा गर्नु पर्नेछ

## १९. कर्जाको अवधि ऋण किस्ता संख्या र असूली किस्ता शुरु हुने अवधि :-

(१) यस कार्यक्रम अनुसार प्रदान गरिएको कर्जाको अवधि देहाय बमोजिम हुनेछ ।

१.१ पशुपालन कर्जा

| कर्जा | अवधि | किस्ता संख्या | प्रदान गरिने कर्जा | | कर्जा फिर्ता गर्ने शुरु समय | |
|---|---|---|---|---|---|---|
| | | | पहिलो किस्ता | दोस्रो किस्ता | सुरु मिति | किस्ताको किसिम |
| क) गाईपालन कर्जा | ३ बर्ष | २ | ५०% | ५०% | अन्तिम ऋण किस्ता लिएको ६० दिन देखि | मासिक |
| ख) भैसीपालन कर्जा | ४ बर्ष | २ | ५०% | ५०% | अन्तिम ऋण किस्ता लिएको ६० दिन देखि | मासिक |
| ग) बाख्रापालन कर्जा | २.५बर्ष | २ | ५०% | ५०% | अन्तिम ऋण किस्ता लिएको छैटौ महिना देखि | मासिक |

पुनश्च : - पहिलो किस्ता :- खोर व्यवस्थापन पश्चात निरिक्षण गरी प्रदान गरिने छ ।

- दोस्रो किस्ता :- पशुपन्छी खरिद भए पश्चात निरिक्षण गरी प्रदान गरिने छ ।
- किस्ता संख्या र रकम निर्धारण गर्दा किस्ता शुरु भएको अवधि देखि ऋण रकमको कुल बाँकी अवधी गणना गरी तय गरिने छ ।

१.२ पन्छी/माछा पालन कर्जा

| कर्जा | अवधि | किस्ता संख्या | प्रदान गरिने कर्जा | | | कर्जा फिर्ता गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो किस्ता | दोस्रो किस्ता | तेस्रो किस्ता | सुरु मिति | किस्ताको किसिम |
| क) बोईलर कुखुरा पालन कर्जा | १.५ वर्ष | ३ | ५०% | २५% | २५% | अन्तिम ऋण किस्ता लिएको ३० दिन पूरा भएपछि | २/२ महिना |
| ख) लेयर्स वा कस जातहरु पालन कर्जा | २ बर्ष | ३ | ५०% | २५% | २५% | अन्तिम ऋण किस्ता लिएको ३ महिना पूरा भएपछि | मासिक |
| ग) अन्य पंक्षि पालन कर्जा | १.५ बर्ष | ३ | ५०% | २५% | २५% | अन्तिम ऋण किस्ता लिएको ३ महिना पूरा भएपछि | २/२ महिना |
| घ) माछा पालन कर्जा | २ बर्ष | ३ | ५०% | २५% | २५% | अन्तिम ऋण किस्ता लिएको ६ महिना पूरा भएपछि | २/२ महिना |

पुनश्च,

- पहिलो किस्ता :- खोर व्यवस्थापन पश्चात निरिक्षण गरी प्रदान गरिने छ ।
- दोस्रो किस्ता :- पन्छी खरिद भए पश्चात निरिक्षण गरी प्रदान गरिने छ ।
- तेस्रो किस्ता :- ब्रोईलर कुखुरा पालनको हकमा दोस्रो किस्ता लिएको ३० दिन पछि । लेयर्स वा कस जातहरु पालन कर्जा, अन्य पन्छी पालन कर्जा र माछा पालन कर्जाको हकमा दोस्रो किस्ता लिएको ३ महिना पछि ।

१.३ अन्य पसल/व्यवसाय

| कर्जा | अवधि | किस्ता संख्या | प्रदान गरिने कर्जा | | | कर्जा फिर्ता शुरु गर्ने समय | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो किस्ता | दोस्रो किस्ता | तेस्रो किस्ता | सुरु मिति | किस्ताको किसिम |
| क) व्यापारिक प्रकृतिको कर्जा | २ बर्ष | ३ | ५०% | २५% | २५% | व्यवसाय सञ्चालन भएको २ महिना पश्चात | मासिक |
| ख) औधोगिक प्रकृतिको उत्पादन प्रशोधन | ३ बर्ष | ३ | ५०% | २५% | २५% | उत्पादन शुरु भएको २ महिना पछि | मासिक |

पुनश्च :-

- पहिलो किस्ता :- व्यवसाय संचालन गर्ने स्थल तय गरी निरिक्षण भए पश्चात प्रदान गरिने छ ।
- दोस्रो किस्ता :- यन्त्र उपकरण वा सामाग्री व्यवस्थापन पश्चात निरिक्षण गरी प्रदान गरिने छ ।
- तेस्रो किस्ता :- व्यवसाय संचालन भए पश्चात निरिक्षण गरी प्रदान गरिने छ ।

**२०. कर्जा म्याद एवं नविकरण :-**

(१) यस कार्यक्रम अर्न्तगत कर्जा लिने व्यक्ति/फर्म वा कम्पनिले लिएको कर्जाको नविकरण हुने छैन । तर विशेष परिस्थिती जस्तै प्राकृतिक प्रकोप, दैवी, दुर्धटना वा अन्य कुनै विषेश परिस्थितिले व्यावसायमा नोक्सानी हुन पुगेमा बढीमा पहिलेको अवधिको आधा अवधि १ पटकका लागि मात्र थप गर्न सकिने छ । यसरी अवधि थप गर्दा जमानत सम्बन्धी व्यवस्थामा समेत पून नविकरण गर्नु पर्नेछ ।

(२) कर्जा अवधि भित्र कर्जा भुक्तानी नगर्ने व्यक्ति/फर्म वा कम्पनि र जमानी दुवैलाई कालो सुचीमा राखी कारबाही प्रकृया अगाडी बढाइने छ ।

(३) उपदफा (१) मा भएको व्यवस्था बाहेक कुनै पनि अवस्थामा कर्जाको म्याद बढाइने छैन ।

**२१. थप कर्जा लिन सकिने :-**

(१) कुनै व्यक्ति फर्मले व्यवसाय विस्तार गर्न चाहेमा आफुले पहिला लिएको कर्जा ७५% भुक्तानी गरेपछि व्यवसाय विस्तार प्रस्ताव पेश गरी थप कर्जा लिन सकिने छ ।

(२) थप कर्जा प्रदान गर्दा उक्त माग गर्ने व्यक्तिको पूर्व कर्जा परिचालन उवं व्यवसायको फैलावटको आधारमा माग गरिनेछ ।

**२२. मिनाहा वा छुट एवं संशोधन नहुने :-**

(१) यो कार्यक्रमबाट लिएको कर्जाको कुनै किस्ता वा पुरै किस्ता वा व्याज वा जरिवाना मध्ये सवै वा कुनै अंश पनि वित्तिय संस्था वा शाखा वा समिति/उपसमिति कार्यपालिका वा गाउँ सभा कही कतै पनि मिनाहा वा छुट गर्न सकिने छैन ।

(२) यो नियमावली वमोजिमका दफा २० र २२ मा व्यवस्थाहरु संशोधन वा खारेजी हुने छैन र यो दफा संशोधन वा खारेजी गर्ने गरी कुनै कारबाही गरिने छैन ।

**२३. साँवा र व्याज असूली सम्बन्धी व्यवस्था :-**

(१) यो कार्यक्रम अर्न्तगत कर्जा लिने व्यक्तिले १% ब्याजदरमा कर्जा प्राप्त गर्ने छ ।

(२) साँवा किस्ता भुक्तानी गर्दा सो मा लाग्ने व्याजदर संगै बुझाउनु पर्नेछ ।

(३) साँवा ब्याज भूक्तानी गर्न पर्ने ऋणीले सो सम्बन्धी किस्ता रकम समयमै भूक्तानी नगरी किस्ता फिर्ता गर्ने अवधी नघाएमा पहिलो १ किस्ता ढिला भएमा १०% र २ किस्ता भन्दा बढी भाका नाघेमा १५% थप जरिवाना समेत जोडी असुल उपर गरिने छ ।

(४) ऋणिले तोकिएको समयमा किस्ता रकम भुक्तानी नगरेमा वित्तिय संस्थाले सो को असूल उपरका लागि नियमानुसारको प्रकिया अगाडी बढाउने छ ।

(५) वित्तिय संस्थाले किस्ता असूल उपर गर्दा आवश्यकता अनुसार व्यक्तिगत जमानी एवं धितो जमानीकोबाट असूल उपर गर्नेछ ।

(६) वित्तिय संस्थाले असूलीको अवस्था र किस्ता रकम समयमै नगर्ने ऋणिको विवरण वित्तिय संस्थाले गाउँपालिकालाई उपलब्ध गराउने छ ।

(७) किस्ता रकम नतिरेमा वित्तिय संस्थाले ऋणीलाई कालो सूचीमा राख्ने तर्फ प्रकिया अगाडी बढाउनु पर्नेछ ।

(८) ऋणीलाई कालो सूचीमा राख्दा त्यसको व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत कालो सूचीमा राखिनेछ ।

(९) वित्तिय संस्थाले कालो सूचीमा राखेको ऋणी, जमानी र तिनका एकाघरका परिवारका सवै सदस्यहरु संग गाउँपालिका भित्रका कुनैपनि बैक वा वित्तिय संस्थाहरुले कारोवार नगर्ने व्यवस्था मिलाउन कार्यपालिकाले निर्णय गरी गाउँपालिका भित्रका सवै वित्तिय संस्थाहरुलाई पत्राचार गर्नेछ । त्यस्ता पत्र प्राप्त भए अन्य वित्तिय संस्थाले सोही बमोजिम गर्नुपर्नेछ ।

**२४. कालो सूचीमा रहेका व्यक्तिहरुको सेवा सुविधा रोक्का गर्ने :-**

(१) यस नियमावली बमोजिम ऋण लिने व्यक्तिले शर्त बमोजिम ऋण रकम चुक्ता नगरेमा वित्तिय संस्थाबाट कालो सूचीमा राखिएको जानकारी प्राप्त भए पश्चात गाउँ कार्यपालिकाले निर्णय गरी गाउँपालिका र वडा कार्यालय बाट प्रदान गर्ने सवै सेवा सुविधा रोक्का गर्न पत्राचार गर्नेछ । यस्तो निर्णय पश्चात उक्त कर्जा असूल नभए सम्म ऋणी र त्यसका जमानी एवं तिनीहरुका एकाघरका परिवारका सदस्यहरुलाई गाउँपालिका एवं वडा कार्यालयबाट कुनै प्रकारको सेवा सुविधा प्रदान गरिने छैन ।

## परिच्छेद ४
## वित्तिय संस्था संगको सम्बन्ध र सहकार्य

**२५. ऋण लगानी वित्तिय संस्था मार्फत हुने :-** यस नियमावली बमोजिम लगानी हुने ऋण वित्तिय संस्था मार्फत मात्रै हुनेछ ।

**२६. ऋण लगानी र असूली गर्ने वित्तिय संस्थाको जिम्मेवारी :-**

क) वित्तिय संस्थालाई ऋण लगानीको लागि गाउँपालिकाबाट सिफारिस भए पश्चात संस्थाले स्थलगत निरिक्षण, व्यवसायिक योजना र जमानीको भरपुर व्यवस्था पश्चात ऋण स्वीकृत गरी प्रस्तावकसंग सम्झौता गर्नुपर्नेछ ।

ख) यस नियमावली बमोजिम प्रदान गर्ने ऋणको जमानत सम्बन्धी व्यवस्था यसै नियमावलीमा भएका व्यवस्थाहरु बमोजिम हुने गरी वित्तिय संस्थाले सुरक्षित लगानीसंगै गर्नुपर्ने छ ।

ग) वित्तिय संस्थाले ऋण स्वीकृत पश्चात सो को जानकारी सहित गाउँपालिकामा पत्राचार गरी स्वीकृत भएको ऋण रकम गाउँपालिका संग माग गर्नु पर्ने छ ।

घ) वित्तिय संस्थाबाट ऋण स्वीकृत गरी किस्ता माग भएपश्चात शाखाबाट सो सम्बन्धमा निरिक्षण गरी प्रतिवेदन र ऋण प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ र प्रमुख प्रशासकीय अधिकृतबाट समितिको निर्णयानुसार ऋण प्रदान गर्नुपर्ने छ ।

ङ) यसरी सहकारी संस्थाले स्वीकृत ऋण माग गरे पश्चात गाउँपालिका बाट सहकारी संस्थालाई एकमुष्ट रकम उपलब्ध गराईने छ र यसरी ऋण उपलब्ध गराए पश्चात संस्थाले दफा १९(१) बमोजिम किस्ता बन्दीमा ऋणलाई किस्ता रकम उपलब्ध गराईने छ ।

च) यस कार्यविधि बमोजिम लगानी भएको ऋण रकमको किस्ता यसै कार्यविधि बमोजिमको व्यवस्था अनुसार असुल उपर गर्ने जिम्मेवारी वित्तिय संस्थाको हुनेछ ।

छ) यस नियमावली बमोजिम लगानी भएको ऋण रकम शर्त बमोजिम असूल नभएमा वित्तिय संस्थाले यस कार्यविधि एवं अन्य प्रचलित नियमानुसार असुल उपर गर्नु पर्नेछ ।

ज) यस नियमावली बमोजिम लगानी भएको ऋण रकम असूल हुन नसकेमा/भाका नाघेमा यसनियमावली वित्तिय संस्थाको नियम, सहकारी ऐन नियम तथा अन्य वित्तिय ऐन नियम बमोजिम असूल उपर गर्ने अधिकार सम्बन्धी वित्तिय संस्थालाई हुनेछ ।

ञ) वित्तिय संस्थाको अनुरोध अनुसार असूल उपरमा गाउँपालिका र वडा कार्यालयले सहयोग पुऱ्याउनु पर्नेछ ।

२७. **सम्झौता गर्ने :-** यस कार्यविधी बमोजिमको कार्य गर्न छनौट भएका वित्तिय संस्थासंग गाउँपालिकाले द्धिपक्षिय सम्झौता गर्नेछ ।

२८. **वित्तिय संस्थालाई प्रदान गर्ने सुविधा :-**

(१) यस नियमावली बमोजिम ऋण लगानी र असूली गर्दा जम्मा कुल ऋण रकममा ३ % ननाघ्ने गरी देहाय बमोजिमको रकम वित्तीय संस्थालाई गाउँपालिकाले अनुदान स्वरूप प्रदान गर्नेछ ।

(क) ऋण लगानी गर्दा लगानी रकमको १%

(ख) असुल उपर गर्दा असुलीको २% रकम प्राप्त गर्ने छ ।

(२) यस नियमावली बमोजिम वित्तीय संस्थाले सेवा प्रदान गरे बापत गाउँपालिकाबाट प्राप्त अनुदान माग गर्दा प्रत्येक ६/६ महिनामा लगानी र असुलीको विवरण सहित अनुदान माग गर्नु पर्नेछ ।

(३) वित्तीय संस्थाले मासिक विवरण बुझाउनु पर्ने : यस नियमावली बमोजिम लगानी भएको र असुल उपरको प्रगति विवरण प्रत्येक महिना वित्तीय संस्थाले गाउँपालिकामा बुझाउनु पर्नेछ ।

२९. **वित्तिय संस्थाको छनौट :-** (१) यस नियमावली बमोजिम सेवा प्रदान गर्ने गाउँपालिकालाई बढीमा ४ भेगमा विभाजन गरी बढीमा ४ ओटा वित्तीय संस्था छनौट उप समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**(२) वित्तिय संस्था छनौटका आधारहरु :-**

क) वित्तिय कारोबार (वचत तथा ऋणको) अनुमति प्राप्त भएको

ख) कम्तिमा ३ वर्षको अनुभव भएको

ग) संस्थाको बचत तथा ऋण सम्बन्धी कारोवार दुरुस्त रहेको

घ) संस्थाको कुल ऋण रकमको (लगानीको) ५% भन्दा बढी रकम भाका नाघेको नभएको संस्था

ङ) साधारण सभा, लेखा परिक्षण एवं कर सम्बन्धी कार्यहरु नियमित भएको

च) नियमावली बमोजिम लगानी गर्ने क्षेत्र कार्यक्षेत्र भित्र समावेश भएको

छ) शेयर पुँजी र वचत रकम १५ लाख भन्दा बढी भएको

**३०. वित्तिय संस्थासंग सम्झौता गर्ने :-** (१) यस नियमावलीको नियम २९ (१) बमोजिम वित्तिय संस्था छनौट भए पश्चात वित्तिय संस्थासंग गाउँपालिकाले द्विपक्षिय सम्झौता गरेर कार्यक्रम कार्यान्वयन गरिने छ ।

**३१. विविध :-** (१) यस नियमावलीको संशोधन खारेज गर्ने अधिकार कार्यपालिकालाई हुने छ । तर नियम २१ र २२ संशोधन गर्न पाईने छैन ।

(२) यस नियमावलीको कार्यान्वयनमा कुनै दुविधा वा समस्या भएमा कार्यपालिकाबाट निर्णय गरी टुङ्गो लगाईने छ ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मिति
लिसंखु पाखर गाउँपालिका
अत्तरपुर, सिन्धुपाल्चोक

विषय : **<u>पशुपन्छी पालन व्यवसाय सञ्चालन गर्न ऋण/कर्जा पाउँ ।</u>**

उपरोक्त सम्वन्धमा यस लिसंखु पाखर गाउँपालिकाको मिति २०७६/११/०१ गतेको प्रकाशित सूचना अनुसार आर्थिक विकास शाखा मार्फत पशुपन्छीपालन व्यवसाय सञ्चालन गर्न ऋण/कर्जा प्रवाह गर्ने व्यवसायिक पशुपन्छी विकास कोष सञ्चालन सम्वन्धी नियमावली २०७६ वमोजिम ऋण/कर्जा उपभोग गर्नका लागि मेरो/हाम्रो (फर्म, कम्पनी, समुह) लाई.........................व्यवसाय प्रयोजनका लागि ऋण/कर्जा उपलब्ध गरी दिन हुन आवश्यक तपसिल बमोजिम कागजात सहित यो निवेदन पेश गरेको छु/छौ । मैले/हामीले प्रचलित कानुन र तोकिएको शर्तहरुको अधिनमा रहि ऋण/कर्जाको सहि सदुपयोग गरी ऋण/कर्जाको साँवा व्याज समयमा नै भूक्तानी गर्ने छु/छौ ।

| **संलग्न कागजातहरु** | **निवेदक** |
|---|---|
| १. संक्षिप्त कार्ययोजना/प्रस्तावना पत्र | नाम |
| २. वडा कार्यालयको सिफारिस | ठेगाना |
| ३. जमानत सम्बन्धी कागजात | दस्तखत |
| ४  नागरिकताको फोटोकपी | सम्पर्क नं. |
| ५. सहकारीको सदस्यता पत्रको फोटोकपी | फर्म, कम्पनी, समुह भए छाप |
| ६. फर्म वा कम्पनी भए दर्ता प्रमाण पत्रको प्रतिलिपी | |

**व्यवसायिक पशुपन्छी पालन विकास कोषको ऋण/कर्जाबाट गरिने कार्यको संक्षिप्त कार्य योजना**

- व्यवसायी/फर्म/समुह/कम्पनीको नाम :
- ठेगाना : लिसंखु पाखर गाउँपालिका वडा नं........ गाउँ/टोल..............
- सञ्चालन गर्न खोजेको व्यवसाय र स्थान : ..................................... सख्या :
- ब्यवसाय सञ्चालन गर्न माग गरेको रकम रु. ब्यवसाय : नयाँ वा पुरानो
- व्यवसाय सञ्चालन गर्न आफ्नो लगानी रु. ब्यवसायमा संलग्न जनशक्ति :
- उत्पादित वस्तु बार्षिक : क) परिवार भित्रैबाट ..... जना
- अपेक्षित बार्षिक प्रतिफल : ख) बाहिराबाट ...... जना
- व्यवसायबाट उत्पादन हुने बस्तु :
- व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन
- उदेश्य :
- सञ्चालन गरिने कार्य विवरण :

| सि.नं. | सञ्चालन गरिने क्रियाकलाप | ऋण/कर्जा | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए विगत कति वर्ष देखि निरन्तर गरी रहेको वर्ष .................महिना

नाम :
पद :
दस्तखत
मिति :
फर्म, समुह, कम्पनीको हकमा छाप

आज्ञाले
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत